<u>बैठक संख्या:</u>

आज मिति २०८३/०५/२२ गतेका दिन माडी गाउँपालिकाका अध्यक्ष श्री अमरसिंह घर्तीमगर ज्यूको अध्यक्षता एवं तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी देहायका विषयमाथि छलफल गरी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति:</u>

| क्र.स. | नाम/थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमरसिंह घर्तीमगर | अध्यक्ष | 9857824706 | |
| २ | श्री जयपुरी घर्तीमगर | उपाध्यक्ष | 9868608030 | जयपुरी |
| ३ | श्री रोहित सिंह घर्तीमगर | सदस्य | 9849354579 | |
| ४ | श्री ललित घर्तीमगर | सदस्य | 9857824148 | |
| ५ | श्री बल बहादुर बुढामगर | सदस्य | 9841879448 | |
| ६ | श्री रेग बहादुर मल्ल | सदस्य | 9748720756 | |
| ७ | श्री तेजेन्द्र बुढामगर | सदस्य | 9857860344 | |
| ८ | श्री खर्क बहादुर पुन | सदस्य | 9857842675 | |
| ९ | श्री इन्द्र बहादुर सिटिमहर | सदस्य | 9806239748 | |
| १० | श्री ओसे कामी | सदस्य | 9844903920 | |
| ११ | श्री धनमाया घर्तीमगर | सदस्य | 9866504575 | धनमाया |
| १२ | श्री जय कुमारी कुमाकी | सदस्य | 9865594151 | जयकुमारी |
| १३ | श्री वरमाली कुमारी बुढा | सदस्य | 9868671440 | |
| १४ | गणेश गौतम | सदस्य सचिव | 9857627007 | |

<u>आमन्त्रित:</u>

१. डम्बर बहादुर घर्तीमगर - स.प्र.अ

२ दिपेन्द्र डि.सी का.वा.अध्यक्ष ९८६२६६३३२५

३- कबिराम घर्तीमगर का.वा. अध्यक्ष ९८६४४८५५१६

४- सुरेन्द्र बुढामगर का.वा. अध्यक्ष ९८५७८२४४४८

Scanned with CamScanner

मिति २०८३।०५।२२ गतेका माडी गाउकार्यपालिकाका निर्णयहरु

**प्रस्ताव नं. १: रोल्पा,रसुवा, नुवाकोट लगायतका जिल्लाहरूमा आएको बाढी-पहिरोबाट भएको जनधनको क्षतिप्रति शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा।**

**निर्णय नं. १:**मिति २०८३ श्रावण २८ गते रोल्पाको थवाङ तथा मिति २०८३ भाद्र १० गते रसुवा, नुवाकोट लगायतका विभिन्न जिल्लाहरूमा आएको विनाशकारी बाढी तथा पहिरोका कारण ठूलो परिमाणमा मानवीय तथा भौतिक क्षति भएको घटनाप्रति यो बैठक गहिरो दुःख व्यक्त गर्दछ।उक्त प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्ण मृतात्माहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्ने, बेपत्ता नागरिकहरूको शीघ्र खोजी तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै यो शोक प्रस्ताव सर्वसम्मत रूपमा पारित गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: बाढीमा परी वेपत्ता भएका नागरिकका परिवारलाई गाउँपालिकाको तर्फबाट राहत रकम उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णय नं. २:** मिति २०८३ भाद्र १० गते भोटेकोसी तथा त्रिशूली नदीमा आएको भीषण बाढीमा परी वेपत्ता भएका माडी गाउँपालिका वडा नं. ३ तालाबाङ हिपाल निवासी श्री दीपा घर्तीमगर र वडा नं. ५ भावाङ निवासी श्री तिलसरी बाठा (तिलु पुन) का परिवारलाई विपद् व्यवस्थापन समितिको सिफारिसमा विपद् व्यवस्थापन कोषबाट हाललाइ प्रतिपरिवार रु. ५०,०००/- का दरले जम्मा रु. १,००,०००/- राहत रकम उपलब्ध गराउने निर्णय गरियो। साथै वेपत्ता नागरिकहरूको खोजी तथा उद्धारका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय निरन्तर गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: थबाङ गाउँपालिकाका पहिरोपीडितहरूलाई राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णय नं. ३:** रोल्पा जिल्ला थबाङ गाउँपालिकामा मिति २०८३ श्रावण २८ गते गएको विनाशकारी पहिरोका कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति माडी गाउँपालिका गहिरो दुःख तथा समवेदना व्यक्त गर्दछ। उक्त विपद्बाट प्रभावित नागरिक तथा पीडित परिवारलाई राहत, उद्धार तथा पुनर्स्थापनाका कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले विपद् व्यवस्थापन समितिको सिफारिसमा माडी गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट थबाङ गाउँपालिकालाई रु. ३,००,०००/- (अक्षेरेपी तीन लाख रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ४: रसुवा बाढी पीडितहरूको राहत सहयोगका लागि जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरूको पारिश्रमिकबाट रकम कट्टा गर्ने सम्बन्धमा।**

**निर्णय नं. ४:** रसुवा बाढी पीडितहरूको राहत तथा पुनर्स्थापनाका लागि माडी गाउँपालिकामा कार्यरत जनप्रतिनिधि, गाउँपालिका तथा वडा स्तरका राष्ट्रसेवक कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक एवम् कर्मचारीहरूको २०८३ साल भाद्र महिनाको तलब/भत्ता भुक्तानी गर्दाका बखत देहायको दरमा पारिश्रमिक कट्टा गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने सो को व्यवस्था आर्थिक प्रशासन शाखा वाट गर्ने निर्णय गरियो ।

अमरसिंह घर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

१. जनप्रतिनिधिहरू: अध्यक्ष उपाध्यक्ष तथा कार्यपालिका सदस्यको ५ (पाँच) दिन तथा वडा सदस्यको २ दिन बराबरको सुविधा/पारिश्रमिक।

२. अधिकृत स्तरका कर्मचारी तथा शिक्षकहरू: ७ (सात) दिन बराबरको पारिश्रमिक।

३. चौथो र पाँचौ तहका कर्मचारी तथा शिक्षकहरू: ५ (पाँच) दिन बराबरको पारिश्रमिक।

४. श्रेणीविहीन कर्मचारी तथा विद्यालय कर्मचारीहरू: २ (दुइ) दिन बराबरको पारिश्रमिक।

**प्रस्ताव नं. ५: सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची २ संशोधन गर्ने सम्बन्धमा।**

**निर्णय नं. ५:** यस गाउँपालिकामा सेवा करारमा कर्मचारी भर्ना तथा छनोट प्रक्रियालाई अझ बढी निष्पक्ष, पारदर्शी, वस्तुनिष्ठ र मर्यादित बनाउन आवश्यक देखिएकोले "सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४" को अनुसूची २ लाई परिमार्जन गरी तपसिल बमोजिमको , परीक्षाको किसिम तथा अङ्क भार कायम गर्ने गरी कार्यविधि संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल: (परिमार्जित अनुसूची २)

| चरण | परीक्षा / मूल्याङ्कनको किसिम | पूर्णाङ्क |
|---|---|---|
| प्रथम चरण | लिखित परीक्षा (वस्तुगत) | ५० |
| अन्तिम चरण | शैक्षिक योग्यता मूल्याङ्कन<br>(कक्षा ८ उर्तीण १२ SEE उर्तीण १५ तथा उच्च मावि उर्तीण २०) | २० |
| | कम्प्युटर टाइप (नेपाली र अंग्रेजी) सिप परीक्षण | ५ |
| | स्थानीयता मूल्याङ्कन (पालिकामा स्थायी ठेगाना ५ अन्य ०) | ५ |
| | अन्तर्वार्ता | २० |
| कुल जम्मा | | १०० |

अमरसिंह थर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

**प्रस्ताव नं. ६: विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।**

**निर्णय नं. ६:** यस गाउँपालिकाको शिक्षा तथा खेलकुद शाखाबाट तयार गरी पेस भएको **विद्यालय समायोजन शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३** माथि बैठकमा विस्तृत छलफल गरी विद्यालय समायोजन शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गरि थप व्यवस्थित, पारदर्शी, वस्तुनिष्ठ र अनुमानयोग्य बनाउन आवश्यक देखिएकोले पेस भएको उक्त कार्यविधि सर्वसम्मत रूपमा पारित (स्वीकृत) गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.७: विभिन्न पदको परिमार्जित पाठ्यक्रम स्वीकृत तथा प्रकाशन ।**

**निर्णय नं.७:** सेवा करारमा ल्याब असिष्टेन्ट (चौथो तह प्रदेश लोकसेवा आयोग लुम्बिनि प्रदेशले तोकेवमोजिम), नगर प्रहरी जवान (श्रेणीविहीन) र कार्यालय सहयोगी (श्रेणीविहीन) पदको परिमार्जित पाठ्यक्रम स्वीकृत गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो।

अमरसिंह घर्तीमगर
गा.पा. अध्यक्ष

Scanned with CamScanner